**मन्थली नगर पालिका**
**नगर कार्यपालिकाको कार्यलय**
**मन्थली**
**प्रदेश, नंवर ३ नेपाल**

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. ५/२०७५/०७६**
**(पुन दोस्रो पटक प्रकाशित सूचना मिति २०७६/०३/२५)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ(६) मा भएको ब्यबस्था अनुसार यस मन्थली नगरपालिका नगरकार्यपालिकाको कार्यलयले उठाउन पाउने कर, दस्तुर, २०७६ साल श्रावण देखि २०७७ आषाढ मसान्तसम्मको लागि राजश्व परामर्श समितिको मिति २०७६/०२/१५ को सिफारीसमा IEE प्रतिवेदनले तोकिएको स्थानवाट ढुंगा, गिट्टी, वालुवाको कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको तथा ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५ कोदफा ९(१) र सो सँग सम्वन्धीत अनुसूची-५ मा भएको व्यवस्था बमोजिम सोही प्रयोजनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले स्थायी लेखा नम्वर (पान) लिएका इच्छुक व्यक्ति, फर्म वा सस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन पुन दोस्रो पटक यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

**ठेक्काको विवरण**

| आय ठेक्का नं. | ठेक्काको क्षेत्र | ३ नं.प्रदेश सरकार्बाट स्वीकृत दररेट | कुल न्यूनतम अंक (मु.अ.कर वाहेक) | वोलपत्र दस्तु | शिलवन्दी बोलपत्र खरिदको अन्तिम मिति | धरौटी |
|---|---|---|---|---|---|---|
| १. | सुनकोशी र तामाकोशीको दोभान देखि नवु घाटको उत्तरी किनारा सम्म<br>सुनकोशी र तामाकोशीको दोभान देखि कठजोर खोला दोभानको पूर्वि किनार र भटौली खोला दोभान देखि मिल्ती खोला दोभानसम्मको पश्चिमी किनार क्षेत्र देखि गेलु पुछार सम्म<br>तामाकोशी देखि छेरुवा खोला सम्म<br>तामाकोशी देखि सिम्ले वगर सम्म<br>तामाकोशी को दक्षिणी किनार क्षेत्र देखि मिल्ती सम्म<br>तामाकोशी उत्तरी किनार क्षेत्र देखि भटौली सम्म | प्रति घनफिट संकलन शुल्क रु. ३ तथा बिकी शुल्क रु.६ (मु.अ.कर वाहेक) | १,९८,००,०००।०० | ३,०००।०० | २०७६/०४/०८ | कवोल अंकको ५% |

## ठेक्का शर्त तथा बन्देजहरु :-

१. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०७५/०७६ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व. २०७४/०७५ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारी नाम वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रकाशित भएको अन्तिम दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ ।
२. जसको नाममा बोलपत्र खरिद गरिएको हो सो ही व्यक्ति वा फर्मले मात्रै वोलपत्र दाखिला गर्नु पर्ने छ ।
३. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम म.न.पा.को राष्ट्रिय वाणिज्य बैंक, मन्थली शाखामा रहेको १६८०३०३००७१०२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि शिलवन्दी बोलपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।
५. ठेक्काको शिलवन्दी बोलपत्र पेश गर्दा स्थायी लेखा नं. को प्रतिलिपि, फर्म वा संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
६. शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दरभाउको अंक र अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
७. माथि उल्लेखित स्थानबाट ढुङगा, गिट्टी, वालुवा उत्खनन र संकलन गर्ने र तोकिएको स्थानमा घाटगद्दी गरी नापजाँच गरी लैजाने व्यबस्था यस मन्थली नगरकार्यपालिकाको निर्देशन बमोजिम हुनेछ ।
८. ठेकेदारले कवोल गरेको रकम तीन किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्न आँउदा प्रथम किस्ता वरावरको रकम नगदै बुझाउनु पर्नेछ बाँकी रकम वरावरको एक वर्ष म्याद भएको बैंक जमानत पत्र बुझाउनु पर्नेछ । बाँकी दुई किस्ताको रकम मध्ये २०७६ साल माघ महिनाभित्र दोश्रो किस्ता र २०७६ चैत्र महिनाको पहिलो हप्तासम्ममा तेश्रो किस्ता रकम दाखिला गर्नुपर्नेछ ।
९. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।
१०. ठेक्का सम्झौता हुँदा ठेक अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ ।
११. जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।
१२. यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागू हुनेछन । सो को लागि म.न.पा.को **Website: manthalimun.gov.np** मा हेर्न सकिनेछ ।
१३. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय गरे अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत